नेपाल सरकार
गृह मन्त्रालय
# नेपाल प्रहरी प्रधान कार्यालय
## केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोन: ०१-४५११७७६
Ext: १०१७
फ्याक्स : ०१-४५१४३९१

पो.ब.नं.४०७
महाराजगञ्ज, काठमाडौं

### <u>प्रेस विज्ञप्ती-</u> ९८

### <u>"नारी शक्तिको जागरण गराउने भनि ठगी गर्ने धर्म गुरु पक्राउ"</u>

शिवसुत गौरी भक्त भन्ने पुरुषोत्तम काफ्ले समेतले काठमाण्डौं स्थित **हाम्रो अभियान नेपाल र OM AASHRAM NEPAL** नामक संस्था खोली **"परिवारको भबिष्य आमाको हातमा हाम्रो अभियान तपाईको साथमा"** भन्ने नारा बनाई पीडितहरुलाई स्वदेशी तथा विदेशी कम्पनीमा रकम लगानी गर्न अभिप्रेरित गराउने उद्देश्यले स्व अध्ययन सम्वन्धी ३ दिने सेमिनार गरी संस्थाको सदस्य बन्न लगाई सदस्यता बने बापत प्रति व्यक्ति शुल्क रु. १०८।- लिई फारम समेत भर्न लगाई उक्त संस्थामा आबद्ध गराई धैरै मुनाफा हुने प्रलोभन देखाई लगानी गर्न प्रेरित गराई रकम लगानी गरे पश्चात लगानीको सुनिश्चितता नगरी पटक-पटक थप लगानी गर्न दवाव दिई लगानी गर्न बाध्य बनाई लगानी नगरेमा परिबारको सदस्यलाई मारी दिने भनी धम्काई सुन तथा सुनका गरगहना समेत लिई हाल आएर निज सम्पर्क विहीन भएकोले पीडितहरुको जम्मा रु. ५,००,००,०००।–( पाँच करोड) भन्दा बढि र १०० तोला भन्दा बढि सुन एवं सुनका गरगहना समेत लिई ठगी गरी भारतमा भागेकोले निज शिवसुत गौरी भक्त भन्ने पुरुषोत्तम काफ्लेलाई खोजतलास पक्राउ गरी कानून बमोजिम हदै सम्मको कारवाही गरी ठगी भएको रकम र सुन तथा सुनका गरगहना समेत फिर्ता गराई पाउँ भन्ने पीडितहरुको जाहेरी दरखास्तको आधारमा शिवसुत गौरी भक्त भन्ने पुरुषोत्तम काफ्लेलाई मिति २०८०/०३/०९ गते कञ्चनपुर जिल्लाको गड्डाचौकीबाट यस ब्यूरोबाट खटिएको टोलीले पक्राउ गरी सम्मानित काठमाण्डौं जिल्ला अदालत बबरमहलबाट दिन ७ (सात) म्याद लिई ठगी, आपराधिक विश्वासघात तथा आपराधिक लाभ (एक्सटर्सन) सम्बन्धी कसूर मुद्दामा अनुसन्धान भई रहेको व्यहोरा जानकारीको लागि अनुरोध गरिएको छ।

**<u>पक्राउ व्यक्तिको विवरण:</u>**

१. नामथर: शिवसुत गौरी भक्त भन्ने पुरुषोत्तम काफ्ले
उमेर: ४८ बर्ष
ठेगाना: दोलखा जिल्ला साविक झुले गा.वि.स. वडा नं. २
हाल भक्तपुर जिल्ला मध्यपुर थिमी न.पा. वडा नं. ४ गठ्ठाघर।



मिति:-२०८०।०३।१२ गते।

प्रहरी उपरीक्षक
(नवराज अधिकारी)
प्रवक्ता एवं सूचना अधिकारी
सम्पर्क नम्बर ९८५१२९१३११